# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ २ गते २०१८ साल

### राष्ट्रिय योजना परिषद् सचिवालयको सूचना

श्री ५ को सरकारबाट सृजना भएको सचिव पदमा निजामती सेवा नियमावली २०१३ को परिच्छेद ३ को नियम १ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति ०१७।७।६।३ देखि टोकियो जापानमा हुने कोलम्बो प्लान कन्सलटेटिभ कमिटी कन्फरेन्सको अफिसियल मिटिंगमा भाग लिई नफर्केसम्म सचिव श्रीकुलनाथ लोहनीलाई सरुवा गरेको छ ।

आज्ञाले

भेषबहादुर थापा सचिव,

रा. यो. परिषद्

### राष्ट्रिय योजना परिषद् सचिवालयको सूचना

यस सचिवालयका सचिव श्रीकुलनाथ लोहनी टोकियो जापानमा हुने कोलम्बो प्लान कन्सलटेटिभ कमिटी कन्फरेन्सको अफिसियल मिटिंगमा भाग लिई नफर्केसम्म श्री ५ को सरकारबाट सृजनाभएको सचिव पदमा सरुवा हुनुभएकोले खाली हुन आएको सचिव प-



८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दमा निजामतीसेवा नियमावली २०१३ को परिच्छेद ८ को नियम २ को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति ०१७।७।९।३ देखि ०१७।८।७।३ सम्म उपसचिव श्री भरतबहादुर प्रधानलाई कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले
भेषबहादुर थापा, सचिव
रा. यो. परिषद्

श्री ५ को सरकार

## राष्ट्रिय योजना परिषद् सचिवालयको सूचना

राष्ट्रिय योजना परिषदका माननीय सदस्य–सचिव श्रीभेषबहादुर थापाले २०१७।१२।२० देखि अफिसमा उपस्थित हुनु भै आफ्नो कार्यभार समाल्नु भएको छ ।

आज्ञाले–
भेषबहादुर थापा,
सदस्य सचिव,
राष्ट्रिय योजना परिषद् सचिवालय,

मुद्रण विभाग, सिंहदरबार

६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।